# सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नवौं जिल्ला परिषद्‌मा प्रस्तुत
# आ.व.२०७३/७४ को नीति, कार्यक्रम तथा वजेटको सारांश
# (बजेट वक्तव्य)

**प्रमुख अतिथि माननीय सहरी विकास राज्यमन्त्री श्री मञ्जु कुमारी चौधरीज्यू,**

**बिशेष अतिथि एवम् अतिथीज्यूहरु**

**उपस्थित दिदी बहिनी तथा दाजुभाईहरु,**

- ऐतिहासिक जनआन्दोलन पश्चात् यस जिल्लाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नवौं जिल्ला परिषद् सम्पन्न गरिसकेको छ । यस गरिमामय सभामा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि तथा अन्य अतिथिहरु एवम् सम्पूर्ण महानुभावहरुमा जिल्ला विकास समिति र म स्वयंको तर्फबाट हार्दिक स्वागत गर्दछु ।
- नेपालको संविधान २०७२ लागू भई नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरिसकेको अवस्थामा शान्ति,सुशासन, विकास र समृद्धिको लागि जिल्ला विकास समितिको प्रमुखको हैंसियतले यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७३/०७४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गईरहेको छु ।
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । जनआन्दोलनको क्रममा घाईते हुनुभएका महानुभावहरुको शिघ्र स्वास्थ्य लाभको कामना सहित सहज र सरल जीवन यापनको कामना गर्दछु । साथै गत २०७२ वैशाखमा गएको विनासकारी महाभूकम्पमा परी मृत्यू हुनेहरुको आत्माको चीर शान्तिको कामना गर्दै उक्त घटनामा घाईते तथा अंगभंग भएका व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस जिल्लामा भूकम्पका कारण घर क्षति भई घरवार विहीन तथा विस्थापित परिवारको तत्काल पुनःस्थापना र पुनःनिर्माणका लागि विशेष प्राथमिकताका साथ कार्य हुने अपेक्षागर्दछु ।
- मैले आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटको तर्जुमा र प्राथमिकता निर्धारण गर्दा नेपालको संविधान २०७२, चालु त्री-वर्षीय योजना, दीगो विकासका लक्षहरु(SDGs) को अवधारणा, भूकम्प पछिको पुनःनिर्माण, दोश्रो आवधिक जिल्ला विकास योजनाले लिएको लक्ष तथा उद्देश्यहरु प्राप्त गर्न सघाउ पुऱ्याउने योजना र कार्यक्रमहरुमा विशेष ध्यान दिएको छु ।
- नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा प्रवेश गरिसकेता पनि स्थानीय निकायहरुको पुनःसंरचना भईनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम आगामी आ.व.२०७३/७४ का बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा साविक जस्तै राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन, राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकता विचको सामञ्जस्यता, उपलब्धतस्रोत साधनको अवस्थालाई दृष्टिगत गरी सहभागितामूलक योजना तर्जुमा पद्धतीलाई अवलम्वन गरी जिल्लाको समग्र विकासका लागि एकीकृत वार्षिक विकास बजेट र कार्यक्रमको तर्जुमा गरिएको छ ।
- बजेट तथा कार्यक्रम तर्जुमा गर्दा जिल्लामा उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्दै नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने स्थानीय पूर्वाधार, गरिवी न्यूनीकरण, रोजगारी वृद्धि, वातावरण संरक्षण, विपद् तथा जलवायू जोखिम न्यूनीकरण, सुशासन र सेवा प्रवाह, लैङ्गिक समानता र समावेशी विकासमा सहयोग पुग्ने कार्यक्रमका साथै छोटो समयमा सम्पन्न भई नतिजा दिने तथा जनसहभागिता प्राप्त गर्न सकिने किसिमका योजना र कार्यक्रमलाई विशेष प्राथमिकता दिएको छु । यसैगरी क्षेत्रगत गुरुयोजना, क्षेत्रगत कार्यालय, जिल्लामा क्रियाशील गैरसरकारी संघ संस्थाहरु, दातृ निकायका स्थानीय इकाईहरुवाट लगानी हुने साधन श्रोतको एकीकृत विवरण तयार गरी राजनैतिक दल, विकास साझेदार र सरोकारवालाहरुसँग अन्तरक्रिया र समन्वय गरी यो वार्षिक विकास योजना तर्जुमा गरिएको छ ।
- आगामी आ. व. कोबजेट तथा कार्यक्रम तर्जुमा गर्दानतिजामूलक योजना पद्धतीकाआधारलाई दृष्टिगत गरीराष्ट्रिय योजना आयोगवाट विषयगत क्षेत्रलाई प्राप्त बजेट सिलिङ्गकोपरिधीभित्र रहीविभिन्न कार्यक्रम तथा योजनाहरु समावेश गरी यो वार्षिक जिल्ला विकास योजना तयार गरिएको छ ।

**उपस्थित आदरणीय महानुभावहरु**

अव म जिल्ला विकास समितिको चालू आ.व. २०७२/७३ को संशोधित आय तथा जिविस मार्फत् सञ्चालन भैरहेका विभिन्न कार्यक्रमहरुको संक्षिप्त विवरण राख्न चाहन्छु ।

अहिले हामी चालू आ.व. २०७२/७३ को दोश्रो चौमासिक अवधिको अन्त्यमा छौं । केन्द्रबाट चालू आ.व.को माघ मसान्त सम्म जिविस तथा गाविसहरुका लागि निःशर्त र सशर्त अनुदान चालू रु.३३ करोड २४ लाख ९२ हजार ७ सय र पूँजीगत रु. ३६ करोड ३९ लाख १५ हजारगरी जम्मा रु. ६९ करोड ६४ लाख ७ हजार ७ सय अख्तियारीप्राप्त भएको छ ।

जिविस कोष तर्फ आन्तरिक आय रु. १ करोड ७१ लाख ५७ हजार र राजश्व बाँडफाँडबाट रु. ९९ लाख ४६ हजार गरी जम्मा रु. २ करोड ७१ लाख ३ हजार आम्दानी हुने संशोधित अनुमान छ । अब म चालू आ.व.मा संचालित योजनाहरु मध्ये केही प्रमुख योजना/कार्यक्रमहरुकोअद्यावधिक स्थिति र प्रगति विवरण प्रस्तुत् गर्दछु ।

**१.राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम(Strengthening the National Rural Transport Program)(SNRTP)**

राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम आ.व.०७१।७२ देखि आ.ब.२०७५।७६सम्मविश्व वैकको सहयोगमा संचालित कार्यक्रम हो । यस कार्यक्रममा गत आ.व.मा कूल बजेट रु. १ करोड ३५ लाख ८ सयखर्च भएको र यस आ.व.मा हालसम्म रु ४ करोड १४ लाख ८ हजारको अख्तियारी प्राप्त भएको छ । यस कार्यक्रम अन्तर्गत गाईघाट (मोतीगडा)–फत्तेपुर, बेतिनी–माझखर्क, कटारी–बाहुनीटार–बर्रे, रानीबास–रौता–सल्ले–कुर्लेटार र नेपालटार–उदयपुरगढी– कुर्कुन्टार सडक गरी जम्मा पाँचवटा सडकहरुको कुल १३२ कि.मी.सडक खण्डमा हेरालुद्वारा नियमित मर्मत सम्भारको कार्य भैरहेको छ । गाईघाट–फत्तेपुर सडकको १० कि.मी. सडक खण्डको ओटासिल गर्ने कार्यका लागि ठेक्का वन्दोवस्त भई निर्माण कार्य सूचारु रहेको छ । सो सडकको वाँकी १७.५ कि.मी. सडकको DPRस्वीकृतिको चरणमा रहेको छ । अन्य चारवटा सडकहरुको स्तरोन्नतीको लागि विस्तृत सर्भेक्षण गरी DPR तयार भई सहमतीको लागि सम्बन्धित निकायमा पठाइएको छ ।

**२.स्थानीय स्तरको सडक पुल कार्यक्रम तथा सामुदायिक पहुँच सुधार परियोजना**

यस कार्यक्रम तथा परियोजना अन्तर्गत गत आ.व. मा रु १ करोड ४३ लाख १४ हजार ५ सयखर्चभएकोछ ।सो कार्यक्रमका लागि यसआ.व.मा रु ३ करोड ५० लाखको अख्तियारी प्राप्त भएको छ । सो कार्यक्रम अन्तर्गत गत आ.व. ०७१।७२ मा मुर्कुचीस्थित छौडिया खोलामा पुलको निर्माण कार्य सम्पन्न भएको र कटारी-बाहुनीटार सडकको कालीखाडी पुलको निर्माण कार्य शुरु भईSubstructureको कार्य सम्पन्न भई यसै आ.व.मा पुलको सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यसरी नै तावाखोला (देउलीकुना) मा पक्किपुल निर्माण कार्य शुरु भई Left Abutementर Pierको केही अंश निर्माण कार्य भई वाँकी निर्माण कार्य सुचारु रहेको छ । त्यसैगरी मोहनपुर-ककनी-हाडेवास सडक अन्तर्गतको धमिले खोला पुलको डिजाईन इष्टिमेट सम्पन्न हुने अवस्थामा रहेको छ ।

**३.क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रम**

क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत गत आ.व. मा रु ९० लाख ३८ हजार७ सय १४ खर्चभएको छ । यस आ.व.मा यस कार्यक्रमको लागि कूल बजेट रु १ करोड ६१ लाख ९९ हजारको अख्तियारी प्राप्त भएको छ । गत आ.व.मा सो कार्यक्रम अन्तर्गतनागदह झो.पु. हर्देनी, मजुवाफेदी झो.पु.डुम्रे, पानीघट्टा झो.पु. रुपाटार, छाङ्गेटार झो.पु.वाराहा, झिरहरे झो.पु. भलायडाँडा र चौकीदोभान झो.पु.मयंख्खु गरी जम्मा ६ वटा झो.पु.हरुको निर्माण कार्य सम्पन्न भईसकेको छ । गत र चालू आ.व. मा गरी क्रमागतमा रहेकाजम्मा १० वटा झो.पु.हरुको स्टील पार्टसको फेब्रिकेशन कार्य भैरहेको छ । ती १० वटा झो.पु.हरु मध्ये यस आ.व.मा ६ वटा झो.पु.हरुको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ । त्यसैगरी आगामी आ.व. मा गरिने निर्माण कार्यका लागि ९ वटा झो.पु. हरुको सर्भेक्षण डिजाईन इष्टिमेट तयार भैसकेको छ ।

**४.ग्रामीण खानेपानी तथा सरसफाई आयोजना**

यस आयोजना अन्तर्गत गत आ.व. ०७१।७२ मा रु.४५ लाख ८५ हजार ७ सय ३३ खर्च भएको छ । यस आ.व. मायस कार्यक्रमका लागि कूलरु ५५ लाखकोबजेटअख्तियारी प्राप्त भएको छ ।यस कार्यक्रमवाट गत आ.व.०७१।७२ मा पोखरी खा.पा.योजना हल्देसिस्नेरी १, मैनामनी खानेपानी योजना ९, ६ र ७, जाँते खानेपानी योजना १, ३ र ५, ववला खा.पा.योजना ववला ८ र जाल्पा खा.पा.योजना ववला ७ गरी जम्मा ५ वटा खानेपानी योजनाहरु सम्पन्न भइसकेका छन् । जिल्लाका सवै गाविसहरुमा आधारभूत स्तरको खानेपानी तथा सरसफाई सेवाको पहुँच पुऱ्याउन विभिन्न कार्यक्रमहरु संचालनमा रहेकाछन् । यही २०७२ साल माघ १३ गते यस जिल्लालाई खुला दिसामुक्तजिल्ला घोषणा गरिसकिएको छ । खुला दिसामुक्त घोषणा पश्चात्आधारभूतस्तरको खानेपानी तथा सरसफाई सेवामा सबै नागरिकको पहुँचमा पुचाउन पूर्ण सरसफाईका कार्यक्रमहरु रणनैतिक कार्ययोजनाका साथ सबै क्षेत्रमा संचालनमा रहेकाछन्। खानेपानी सेवाको सुनिश्चितता गरी घर,सामुदायिक विद्यालय रसार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरुको निर्माण एवम् प्रयोगमा जोड दिदै सन् २०१७ सम्ममापूर्ण सरसफाईको राष्ट्रिय लक्ष्य पूरा गर्न सबैको सहयोगको अपेक्षा गरेको छु ।

**५.ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम (RCIW)**

ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम अन्तर्गत गत आ.व.०७१/७२ मा रु. ८२ लाख वजेटको अख्तियारी प्राप्त भई नामेटार, बाँसबोटे, बाराहा, ताम्लिछा र भुट्टार गाविसमा ग्रामीण सडक, साना सिंचाई निर्माण तथा मर्मत,सामुदायिक विद्यालयको कम्पाउण्ड वाल निर्माण गरी १५ वटायोजनाहरु कार्यान्वयन भएको थियो । चालु आ व.मा समेत रु.८८लाख वजेट अख्तियारी प्राप्त भई गत वर्षकै क्रमागत ११ वटा योजनाहरु र नयाँ थप ६ वटा योजनाहरु समेत गरी १७ वटा ग्रामीण सडक, साना पूर्वाधारका सिंचाई निर्माण तथा मर्मत,सामुदायिक विद्यालयको कम्पाउण्ड वाल निर्माणका योजनाहरु संचालनमा रहेकाछन् ।

**६.स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)तर्फ रुपान्तरणीय सामाजिक परिचालन प्रकृया अन्तर्गत ४० गाविस र ३ न.पा.का वडाहरुमा वडा नागरिक मञ्चहरु पुनर्गठन भई क्रियाशील रहेकाछन् । गत आ. व.०७१/७२ माआर्थिक र सामाजिक रुपले पछाडि परेका समुदायको आय आर्जन अभिवृद्धि र सामाजिक पूँजी विकास गर्न साना भौतिक पूर्वाधार निर्माणका लागि ३७ गाविसका नागरिक सचेतना केन्द्रमा रु. १,१६,५५,०००। लागत बरावरका योजनाहरु सञ्चालन भएका थिए । जीविकोपार्जन कार्यक्रम प्राप्त गर्न बाकी ४ नागरिक सचेतना केन्द्रले समेत घुम्ति कोष स्वरुप रु. ४,००,०००। प्राप्त गरेकाछन् ।

UNICEF को सहयोगमा वालमैत्री स्थानीय शासन कार्यक्रम (Child Friendly Local Governance,CFLG)र सरसफाइ अभियानका क्षेत्रमा विगत देखि नै आर्थिक र प्राविधिक सहयोग प्राप्त भइरहेकोछ । आ.व. ०७१/७२ मा ३५ लाख बराबरको सहयोग प्राप्त भएकोमा चालु आ.व.मा दुवै कार्यक्षेत्रको लागि ४० लाख बरारको सहयोग हुने अपेक्षा गरिएको छ ।

UNFPA को सहयोगमा प्रजनन् स्वास्थ्य, जनसंख्या तथा विकास र लैङ्गिक हिंसा न्यूनीकरण एवं विपद व्यवस्थापनका क्षेत्रमा जिल्ला विकास समिति, जिल्ला शिक्षा, जिल्ला स्वास्थ्य र महिला तथा बालबालिका कार्यालय अन्तर्गत वार्षिक करिब ६० लाख बराबरका कार्यक्रमहरु निरन्तर सञ्चालन भई रहेकाछन् ।

**सुनौला हजार दिन आयोजना**

विश्व बैंकको सहयोगमा संचालित सुनौला हजार दिन आयोजना आमा र २ वर्ष भित्रका बच्चाहरुको पोषणमा सुधार गर्ने हेतु खाद्य सुरक्षाको कमी र पोषणमा न्यून भएका जिल्लाको २५ प्रतिशत गाविस–(११ वटा गाविस कटुन्जेबबला, ताम्लिछा, वाँसवोटे, ठानागाउँ, हर्देनी र मयंखु, मैनामैनी, चौदण्डी, नामेटार, वाराहा र सोरुङ्गछविस) मा यो कार्यक्रम संचालित रहेकोछ । कार्यक्रम संचालनमा रहेका गाविसका हरेक वडाका वडा नागरिक मंचले छनौट गरेका आ.व. ०७१/७२ मा २२२ योजनाहरुमा रु २ करोड ५० लाख लगानी भएको थियो भने चालु आ.व. ०७२/७३ रु. ४,६४,६६,०००। अख्तियारी प्राप्त भएको छ सो अनुसार ११ गाविसका९९ वडामा १९८ योजनाहरु कार्यान्वयनको चरणमा छन् ।

**७. वातावरण मैत्री स्थानीय शासन कार्यक्रम**

वातावरण मैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत गत आ. व. मा यस जिल्ला विकास समितिको कार्यालयलाई कूल रु १ करोड १लाख ८० हजार को अख्तियारी प्राप्त भई जिविस र पाँच वटा गाविसपंचावती, रौता, आँपटार, जोगीदह र सुन्दरपुरमा वृक्षारोपण, जैविक बाँध निर्माण, पोखरी संरक्षण तथा विस्तार, खानेपानी मुहानको संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा व्यवहार परिवर्तनका कार्यक्रमहरु संचालन गरिएको छ । चालु आ.व.मा सो कार्यक्रम अन्तर्गत रु ९७ लाखको अख्तियारी प्राप्त भई उक्त कार्यक्रम लागू भएका उल्लेखित पाँचवटा गाविस र जिविसवाट विपद् जोखिम न्यूनीकरण, पोखरी संरक्षण, पर्यटन पूर्वाधारको विकास, सुधारिएको चुल्हो निर्माण,नर्सरी उत्पादन एवम् वृक्षारोपण एवम् वातावरण संरक्षणका कार्यक्रमहरु संचालनमा रहेकाछन् ।

**८.बालमैत्री स्थानीय शासन**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ वमोजिम आ.व.२०६८/६९ देखि रुपाटार, कटारी, तावाश्री, बर्रे, लिम्पाटार, चिलाउने, साउने, खाँबु, भुट्टार, सुन्दरपुर, सिद्धिपुर, सिरिसे, लेखानी, बाँसबोटे, ताम्लिछा गाविसमा र आ.व. २०६९/७० देखी बाँकी अन्य गा.वि.स.मा बालमैत्री स्थानीय शासन पद्धतीको अवलम्वन गर्दै बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन भईरहेका छन् । जिल्ला स्थित सबै स्थानीय निकायहरुले बालमैत्री स्थानीय शासन पद्धती अवलम्बन गरिसकेको हुनाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८ मा भएको व्यवस्था बमोजिम बालमैत्री स्थानीय शासन पद्धतीको अवलम्वन गर्दै तोकिएका सूचक पुरा गर्नेगाविसक्रमशःसुन्दरपुर, लेखानी, खाँबु र बर्रेलाई चालुआ.व.२०७२/७३ भित्रमा बालमैत्री गाविस.घोषणा गर्ने लक्ष्य लिइएको छ ।

**९.राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रम**

राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रमअन्तर्गत जिल्लाका विभिन्न गाविसमा जैविक उर्जा, सुधारिएको चुल्हो,चर्पी जडित वायोग्याँस, पिको लघु जलविद्युत आयोजना तथा सौर्य उर्जा कार्यक्रम संचालनमा रहेकाछन् । यस कार्यक्रम अन्तर्गत गत आ.व.मा ६ गाविसका सम्पूर्ण घरधुरीमा सुधारिएको चुल्हो जडान गरी धुँवा मुक्त गाविस घोषणा गरी सकिएको, १०० वटा चर्पी जडित वायो ग्याँस निर्माण गरिएको र ४ वटा पिको लघु जलद्यिुत आयोजनाको प्रारम्भिक सर्भेक्षण भइ विस्तृत सर्भेक्षण तयार भइसकेको छ ।क्षेत्रीय सेवा केन्द्र मार्फत १३ वटा गाविसमा २९१ किलो वाट विद्युत उत्पादन गर्ने कार्य भइरहेको छ । चालु आ.व.मा थप ५ वटा गाविसलाई घर भित्रको धुँवामुक्त गाविस घोषणा गर्ने र १०० वटा चर्पी जडित वायोग्याँस जडान गर्ने लक्ष्य राखिएको छ । साथै राष्ट्रिय लक्ष्य वमोजिम सन् २०१७ सम्ममा उदयपुर जिल्लालाई घर भित्रको धुवाँ मुक्त जिल्ला घोषणा गर्ने लक्ष्य समेत राखिएको छ ।

**१०.सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्तातर्फ गत आ.व.०७१।७२ मा जेष्ठ नागरिक (अन्य) ७,३५०, जेष्ठ नागरिक (दलित) १,९४४,एकल महिला (विधवा) ४३६६, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति ३१९, आंशिक अशक्त अपाङ्गता भएका व्यक्ति ३४८, लोपोन्मुख आदिवासी जनजाती (हायु) ३६ जना, बाल संरक्षण अनुदान २,४४३ गरी जम्मा १६,८०६ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको थियो । त्यस्तै उपचार खर्च पाउनेको संख्या ७,८८८ रहेका थिए । यी सवै वर्गका लागि कूल रु.१० करोड ९६ लाख ८२ हजार २ सय सामाजिक सुरक्षा भत्ता वितरण गरिएको थियो ।यस आ.व.२०७२।७३मा सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या जम्मा १८,२४८ रहेको छ ।चालू आ.व.मा रिस्कु, जोगिदह, हडिया गाविस, कटारी एवं वेल्टार-वसाहा न.पा. क्षेत्रमा सामाजिक सुरक्षा भत्ता वितरण कृषि विकास बैक मार्फत गरिदै आएको छ । भत्ता वितरण कार्यलाई अझ सरल, सहज र पहुँच योग्य बनाउन आगामी आ.व.मा बैंकिङ्ग सेवा पुगेका जिल्लाका थप गाविसहरुमा समेत बैंकिङ्ग प्रणाली मार्फत् क्रमशः भत्ता वितरणको व्यवस्था मिलाईनेछ ।

**१९.व्यक्तिगत घटना दर्ता**

गत आ.व.मा वालिका ६ हजार ८८ र वालक ६ हजार ४ सय १८ गरी जम्मा १२५०६जनाको जन्म दर्ता भएको त्यस्तै मृत्यू दर्ता तर्फ महिला ५७६ र पुरुष ९८७ गरीजम्मा १५६३ जनाको मृत्यु दर्ता भएको, ३६९७ जोडीको विवाह दर्ता गरिएको र ३३५३ परिवारकोबसाई सराई भएको साथै २५ जोडीले सम्बन्ध विच्छेद गरेको गाविसवाट पेश गरेको अभिलेखवाट देखिएकोछ ।

**वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन (सामी) परियोजना**

श्रम तथा रोजगार मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहकार्यमा स्वीस विकास सहयोग नियोगको आर्थिक सहयोगमा वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन परियोजना यस जिल्लामा सन्चालन भईरहेको छ । पहिलो चरणमा जिल्लाका ३ नगरपालिका र ७ गाविसवाट सुरुवात गरिएको यो परियोजना हाल जिल्लाका ३ नगरपालिका र १२ गाविसमा संचालित रहेको छ । आ.व.०७१/०७२ मा चालु तर्फ रु २६,७७,५०० र पुंजीगत तर्फ रु ७,९५,०००। गरी कुल वजेट रु.४३,७२,५००। मध्ये रु.२९,७०,३०७।वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन सम्वन्धि विभिन्न कार्यक्रममा खर्च भएको छ । परियोजनाले हालसम्म ९०७५ जना वैदेशिक रोजगारीका सम्भावित कामदारहरुलाई सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि परामर्श सेवा प्रदान गरेको छ भने वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका ४५ जना युवाहरुलाई विभिन्न सीप विकास सम्वन्धि तालिम प्रदान गरिएको छ । आ.व.०७/७३ मा रु. ४३,६१,८००। बजेटको अख्तियारी प्राप्त भई सुरक्षितवैदेशिक रोजगार सम्वन्धि कार्यक्रहरु संचालन गरिएकाछन् ।

**२०.स्थानीय निकायको मूल्याङ्कन**

आ.व.२०७०/०७१ मा जिल्ला विकास समिति, उदयपुरले कार्यसम्पादनको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM)मूल्याङ्कनमा७६ अङ्क प्राप्त गरी ७५ जिल्लाहरु मध्ये चौथो स्थान हासिल गर्न सफल भई जिविस पूँजीगत अनुदानमाथप१५ प्रतिशत अनुदान प्राप्त भएको छ । यसै सन्दर्भमा जिविसले आगामी दिनमा कार्य सम्पादनस्तरमाअझ सुधार गरी थप प्रभावकारीता ल्याउन आवश्यक देखिएको छ । यसरी नै जिल्लाका ४० गाविसहरुको न्यूनतम शर्त मापनमा ३१ वटा गाविसहरु सफल हुन सकेकाछन् । आगामी वर्षमा असफल भएका गाविसहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गरी कार्य सम्पादन स्तरमा सुधार ल्याइनेछ ।

**२१.पेश्की तथा बेरुजु फछ्र्यौट**

यस जिल्ला विकास समितिको कार्यालयको गत विगत आ.व. देखि आ.व.२०७०/७१ सम्म भए गरेका वित्तीय कारोवारको लेखापरीक्षण सम्पन्न गराई महालेखा परीक्षकको कार्यालयले दिएको लेखापरीक्षण प्रतिवेदन परिषद्मा पेश भई छलफल सम्पन्न भएकोछ । जिविसको हाल सम्मको केन्द्रीय बेरुजु तर्फ कूल वेरुजु रकम रु. ३,५१,१४,६५८। मध्ये आ.व. २०७१/७२ मा रु.८०,९४,१२५। फछ्र्यौट भएको र आ.व.२०७२/७३ माघमा महालेखा परीक्षकको कार्यालयवाट लेखा परीक्षण गर्न खटिएकोले डोर समक्ष वेरुजु फछ्र्यौटका लागि पेश गरेको रु.७,९८,७६३।समेत कटाई बाँकी पेश्की तथा बेरुजु रकम रु. २,६२,२१,७७०। नियमित तथा असूल उपर गरी वेरुजु फछ्यौट गर्न आ. प्र तथा बेरुजु शाखा निरन्तर क्रियाशील रहेको छ । यसै सन्दर्भमा मन्त्रालयको मिति २०७२।११।०३ को निर्देशन अनुसार कर्मचारीको नाममा रहेको बेरुजु सून्य गरिएको छ । पुरानो बेरुजु असुल उपर तथा फछ्यौट गर्न सूचना समेत प्रकाशन गरिएको छ । आगामी दिनमा यस कार्यमा अझ तिव्रता ल्याई वेरुजुको मात्र न्यून गरिनेछ ।

**आदरणीय उपस्थित माहानुभावहरु,**

अव म आ.व. ०७३/०७४ को वार्षिक योजना तथा कार्यक्रम तर्जुमाका गर्दा अवलम्वन गरिएका नीति तथा प्रक्रियाहरु यस सभा समक्ष राख्न चाहन्छु ।

आ.व.०७३/७४ को वार्षिक योजना तर्जुमाका क्रममा वडा नागरिक मन्चबाट गाउँ परिषद हुदै माग भई आएका योजना तथा कार्यक्रमहरुलाई ईलाकास्तरीय योजना तर्जुमा गोष्ठीवाट प्राथमिकतासहित योजनाहरुको छनौट गरिएको ।यसरी छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई विषयगत कार्यालय मार्फत समन्वय समितिको बैठकमा छलफल गरी विभिन्न विषयगत योजना तर्जुमा समिति हुदै एकीकृत योजना तर्जुमा समितिमा योजना तथा कार्यक्रमगत विश्लेषण पश्चात् जिविस वोर्ड बैठकले जिल्ला परिषद्मा पेश गरेकायोजना र कार्यक्रमहरु परिषद्वाट पारितगरीवार्षिक जिल्ला विकास योजना तर्जुमा गरिएको छ । यसरी छनौट गरिएका कार्यक्रम तथा योजनालाई जिल्ला विकास समिति र विषयगत कार्यालयहरुबाट क्रमशः कार्यान्वयन गरिनेछ । जिल्लामा उपलब्ध सीमित स्रोत साधनका कारण ईलाकास्तरवाट माग भई आएका सवैयोजनाहरुलाई आगामी वर्षकोकार्यक्रममा समावेश गर्न कठिनाई हुने हँदायसरी आएका बाँकीयोजनाहरुलाई जिल्लाको योजना वैङ्कमा राखी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । साथै स्थानीय स्रोत साधन र क्षमताले मात्र संचालन गर्न संभव नहुने जिल्लाका महत्वपूर्ण योजनाहरु कार्यान्वयनकोलागि केन्द्रमा सिफारिस गरी पठाइने छ ।

आगामी आर्थिक वर्ष २०७३/७४ को योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहाय वमोजिमका प्राथमिकताहरु,मुख्य नीति, क्षेत्रगत नीति एवम् कार्यनीतिहरुको अवलम्बन गरिएको छ ।

**प्राथमिकताः**

१ स्थानीय पूर्वाधार विकासका कार्यक्रमहरु (ग्रामिण यातायात, सडक, पुल,साना सिंचाई तथा नदी नियन्त्रण,खानेपानी तथा सरसफाइ,लघु जलविद्युत तथा वैकल्पिक उर्जा आदि),

२. दिगो विकासका अवधारणा अनुरुप दिगो विकासका लक्ष्यहरु (SDGs) प्राप्त गर्ने कार्यक्रमहरु (जस्तैःगरिवी न्यूनिकरण तथा रोजगारी प्रवर्द्धन, स्वास्थ्य तथा पोषण, विपद्/जलवायु जोखिम न्युनिकरण आदि),

३. व्यवसायिक तथा आधुनिक कृषि तथा पशु क्षेत्रको विकास,

४. सामाजिक विकासका कार्यक्रम,

५. प्राथमिक स्वास्थ्य सेवाको पहुँच विस्तार र स्वास्थ्य सेवाको गुणस्तरीयता,

६. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा समावेशी विकास,

७. दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्ग लक्षित कार्यक्रम,

८. वन तथा भू-संरक्षण, प्राकृतिक स्रोत र वातावरण संरक्षण,

९. भूकम्प पछिको पुनर्निर्माण र पुनःस्थापना,

१०. स्थानीय सेवाहरुको प्रभावकारिता, पारदर्शीता र सुशासनको प्रवर्द्धन,

११. पर्यटन पूर्वाधार विकास र संस्कृतिप्रवर्द्धन,

१२. साना जलविद्युत, सौर्य उर्जा तथा वैकल्पिक उर्जाको निर्माण,

१३. वातावरणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन,

१४. युवाको क्षमता तथा खेलकुद विकास कार्यक्रम,

**प्रमुख नीतिहरुः**

१. स्थानीय पूर्वाधार विकास – यातायात, खानेपानी,साना सिंचाई तथा नदी नियन्त्रण, जलविद्युत तथा वैकल्पिक उर्जा, सहरी विकास तथा सामाजिक पूर्वाधारका योजनाहरुलाई प्राथमिकताका साथ संचालन गर्ने ।

२. दिगो विकासका अवधारणा अनुसारका लक्ष्यहरु (SDGs) प्राप्त गर्न सघाउ पुऱ्याउने योजना र कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा जोड दिने ।

३. कृषिमा व्यवसायीकरण र आधुनिकीकरण गर्दै कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादन बढाउने । कृषिलाई आकर्षक बनाउँदै युवा जनशक्तिलाई कृषि पेशातर्फ आकर्षित गर्ने ।

४. सौर्य तथा नवीकरणीय उर्जा तथा साना जलविद्युतको विकासमा जोड दिने ।

५. सिँचाई सुविधा उपलब्ध हुन नसकेका स्थानमा जिल्ला साना सिँचाई गुरुयोजना अनुरुप प्राथमिकता निर्धारण गरी कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. जिल्ला सडक सञ्जालसँग नजोडिएका गाविसका केन्द्रसम्म सडक विस्तार गरी जिल्ला सडक सञ्जालमा जोडिने । जिल्ला सडक गुरुयोजनामा उल्लेख भएका सडकहरुलाई स्तरोन्नती गर्दै बाह्रै महिना सडक सञ्चालन गर्ने कार्यलाई उच्च प्राथमिकता दिने ।

७. महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सहभागिता सुनिश्चित गरी लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

८. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका कार्यक्रमलाई जोड दिदै महिलाको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारमा जोड दिईने ।

९. महिला तथा बालबालिकामाथि हुने लैङ्गिक हिंसा, शोषण, दुर्व्यवहार र भेदभावको न्यूनीकरणका लागि सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिने ।

१०. उत्पादन अभिवृद्धि गर्ने तथा रोजगारीका अवसर सिर्जना हुने र प्रत्यक्ष लक्षित वर्गलाई लाभ पुऱ्याई गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउने कार्यक्रमलाई विशेष प्राथमिकताका साथ संचालन गर्ने ।

११. भूकम्पवाट क्षती भएका भौतिक संरचनाकोपुनःनिर्माणका लागि सम्वन्धित निकायसँग समन्वय गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

१२. वन क्षेत्रको समुचित संरक्षण र विकासका लागि सुरक्षात्मक, संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने ।

१३. वातावरणमैत्री स्थानीय शासन पद्धतीको अबलम्बनमा जोड दिदै गाविसलाई वातावरणमैत्री वनाउदै जाने ।

१४. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको कार्यलाई प्राथमिकता दिई विपद्को पूर्वतयारी तथा जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु संचालन गरिने।

१५. चुरे क्षेत्रको प्राकृतिक स्रोत साधनको उचित संरक्षण, प्रवर्द्धन र उपयोगलाई व्यवस्थित गर्दै लगिने । चुरे क्षेत्रमा जम्मा भएका नदीजन्य निर्माण सामग्रीहरु ढुङ्गा, गिटी तथा बालुवाको उचित व्यवस्थापन गरी मानव बस्ती तथा खेतीयोग्य जमिनको संरक्षणमा जोड दिने ।

१६. स्थानीय पूर्वाधारका निर्माणाधीन अधुरा योजनाहरुलाई सम्पन्न गर्ने कार्यलाई उच्च प्राथमिकता दिने ।

१७. सूचनामैत्री नयाँ प्रविधिको प्रयोग गर्दै सेवा प्रवाहमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गरी सेवा वितरणलाई सहज र सरल बनाई सुशासन कायम गरिने ।

१८. युवाको क्षमता विकास र सशक्तिकरण गर्दै स्वरोजगार र रोजगार प्रवर्द्धनमा जोड दिने ।

१९. खाद्य तथा पोषण सुरक्षामा जोड दिँदै जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार गरेको कार्ययोजना कार्यान्वयन गर्न कार्यक्रम संचालन गर्ने ।

२०. जिल्लामा पर्यटन पूर्वाधारको विकास गरी आन्तरिक पर्यटनको प्रवर्द्धनमा जोड दिने ।

२१. स्थानीय निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी दक्ष जनशक्ति विकासका लागि केन्द्रमा समेत समन्वय गरी पुनर्ताजकी तालिम र क्षमता विकासका कार्यक्रम संचालन गरिने ।

२२. स्थानीय स्तरमा शैक्षिक क्षेत्रमा देखिएका समस्याहरुलाई उचित तवरले सम्बोधन गरी सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।

२३. जिल्लाको सबै क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याई गुणस्तरीय सेवामा अभिवृद्धि गर्दै लगिने ।

२४. आधारभूत खानेपानी र सरसफाईको सेवालाई जिल्लाभर उपलब्ध गराउँदैखुला दिसामुक्त जिल्ला घोषणा पश्चात् पूर्ण सरसफाईको लागि जिल्लाको रणनीतिक कार्ययोजना वनाई कार्यान्वयन गरिने ।

२५. सबैका लागि खेलकुदको अवधारणा अन्तर्गत खेलकुदका कार्यक्रम तथा प्रतियोगिताहरु सञ्चालन गर्ने ।

२६. भूकम्पबाट हुने सम्भाव्य क्षतीलाई न्यूनीकरण गर्न राष्ट्रिय भवन संहिताको परिपालनामा जोड दिने ।

२७. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न र वैदेशिक रोजगारीमा हुने ठगी कम गर्न सो सम्वन्धि सूचना प्रवाह, परामर्श सेवा र सीप विकासकातालिम संचालन गर्ने ।

२८. जिल्लामा कार्यरत विकास साझेदार, गैर सरकारी सँस्था तथा निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा जोड दिने ।

२९. जिल्लामा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याई गुणस्तरीयता सुनिश्चित गर्न नतिजामा आधारित एवं सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतीलाई अवलम्बन गरिने ।

**क्षेत्रगत नीति तथा कार्यनीतिहरु :**

**शिक्षा**

१. जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा गैर सरकारी संस्थाहरु समेतलाई परिचालन गरी विद्यालयको भौतिक सुधार, सूचना प्रविधि मैत्री शिक्षा, जीवनोपयोगी एवं गुणस्तरीय शिक्षाको लागि कार्यक्रमहरु सञ्चालन गरी जिल्लाबाट निरक्षरतालाई उन्मूलन गरिनेछ ।
२. बालमैत्री शिक्षाको कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।
३. सवै विद्यालयहरुमा चर्पि निर्माण, प्रयोग र सरसफाई गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
४. गाउँ शिक्षा समिति गठन र परिचालन गरी गुणस्तरीय शिक्षाको लागि ठोस योजना निर्माण गरिनेछ ।
५. भौतिक पूर्वाधारतर्फ विद्यालय भवन निर्माण सम्बन्धि कार्यलाई प्राथमिकतासाथ अगाडि बढाईनेछ ।
६. भूकम्पवाट भत्किएका विद्यालयको पुनःनिर्माण कार्यलाई जोड दिइनेछ ।

**स्वास्थ्य तथा पोषण**

१. प्रत्येक नागरिकलाई प्राथमिक स्वास्थ्य सेवा निःशुल्क रुपमा प्रदान गरिने कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।
२. जिल्लामा संचालित स्वास्थ्य केन्द्रहरुको स्तर बृद्धि, दक्ष जनशक्तिको आपूर्ति, भौतिक पूर्वाधार सुधार सहित सेवामा गुणस्तरीयता र सहज पहुँच पुऱ्याउन समन्वयात्मक रुपमा कार्यक्रम संचालन गरिनेछ ।
३. सुरक्षित प्रसूती सेवा तथा सुरक्षित गर्भपतन गर्ने कार्यलाई सुदृढ गर्न स्थानीय निकाय र गैर सरकारी संस्थाहरुसंग समेत सहकार्य गरी Birthing Centre हरुको विस्तार गरिनेछ ।
४. सबै स्वास्थ्य संस्थाहरुमा समुदायमा आधारित नवशिशु सेवा कार्यक्रम सचालन गरी नवजात शिशु मृत्यूदरमा कमी ल्याइनुको साथै वालवालिकाहरुलाई विभिन्न रोगहरुको विरुद्ध पूर्ण खोपको कार्यक्रम संचालन गरिनेछ ।
५. दुर्गम क्षेत्रमा दरवन्दीमा रहेका स्वास्थ्यकर्मीहरुलाई सेवा क्षेत्रमा काम गर्नको लागि प्रोत्साहित गरिनेछ ।
६. गाँउ घर क्लिनिक (ORC)को भवन निर्माण कार्य क्रमशः गर्दै व्यवस्थापनमा सुधार गरिनेछ ।
७. आगामी वर्ष नगरपालिका क्षेत्रमा ग्रामीण भिडियो एक्सरे कार्यक्रम संचालनमा ल्याईनेछ ।
८. आयुर्वेद चिकित्सा सेवाको विकासमा जोड दिइने छ ।
९. जिल्लामा व्लड बैक संचालनका लागि रेडक्रस सोसाइटी जस्ता संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१. खानेपानीको सुविधा नपुगेका गाविसहरुमा स्वच्छ खानेपानी वितरणको दिगो व्यवस्थापनका लागि सम्बन्धित कार्यालय एवं संघसंस्थाहरु मार्फत विभिन्न योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
२. जिल्लालाई खुला दिसामुक्त घोषण पश्चात् दिगोपना र पूर्णसरसफाइका लागि खानेपानी योजना सहितको पूर्ण सरसफाई (PostODF) कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
३ निर्माण सम्पन्न भई संचालनमा रहेका खानेपानी आयोजनाहरुको गुणस्तर सुधार गर्न खानेपानी सुरक्षा योजना (Water Safety Plan) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
४. सन् २०१७ सम्ममा **"सवैका लागि खानेपानी र सरसफाई"** भन्ने राष्ट्रिय लक्ष्य प्राप्तीमा सहयोग पुग्ने गरी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
५. सञ्चालनमा आई उपभोक्ता समितिलाई हस्तान्तरण गरिसकेको तर पुरानो भई स्वच्छ खानेपानी आपूर्तिमा समस्या भएको योजनाको छनौट गरी तत्काल मर्मत गरी संचालनमा ल्याईनेछ ।

**कृषि विकास कार्यक्रम**

१. एक गाउँ एक उत्पादन कार्यक्रमलाई अगाडि बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
२. कृषि बाली तथा नगदेबाली आदिमा लाग्ने विभिन्न रोगको प्रकोप निदान गर्न विशेष पहल गरिनेछ ।
३. कृषकहरुलाई उच्च लाभ प्राप्त हुने खालको माहुरी पालन, मत्स्य पालन व्यावसाय विस्तार गर्न र चिया खेती, च्याउ खेती, अकवरे खुर्सानी खेती, अदुवा खेती, गोलभेडा लगायतको तरकारी वालीलाई प्रवर्द्धन गर्न योजना तथा कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
४. प्राविधिक सेवा सहित कृषि विउ विजन र मलको व्यवस्था यथासमयमा गर्ने व्यवस्था गरिनेछ ।
५. जिल्लाको भौगोलिक सम्भाव्यता र स्थान सुहाउँदो फलफूल तथा अन्य बालीहरुको उत्पादनमा जोड दिईनेछ ।
६. स्थानीय निकायसँग समन्वय गरी कृषकहरुलाई आवश्यक जनचेतना वृद्धि गर्न घुम्ती तालीम तथा गोष्ठिको सञ्चालन गर्ने र बीउविजन एवम् माटो परीक्षण सम्बन्धी विशेष जानकारी गराउने व्यवस्था मिलाइनेछ ।
७. कृषि कार्यमा महिलाको प्रमुख भूमिका हुने भएकाले महिला संलग्नता बढाउन महिला कृषक समूह मार्फत् कार्यक्रम संचालन गरिनेछ ।
८. बाली वीमाका कार्यक्रमहरुलाई प्रवर्द्धन एवं विस्तार गर्दै लगिनेछ ।
९. कृषक समूहलाई अन्ततोगत्वा सहकारीमा परिणत गर्दै लगिनेछ ।

**पशुविकास**

१. जिल्लाको पशु विकास कार्यक्रमलाई व्यवसायिक वनाउन पशु सेवा प्रसार कार्यक्रम, पशुउत्पादन कार्यक्रम, पशु आहार सेवा, पशु प्रजनन् सेवा लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. दुध तथा दुग्धजन्य पदार्थको उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउँदै ग्रामीण क्षेत्रमा दुध उत्पादन तथा उत्पादकत्व बढाउन प्रोत्साहन गरिनेछ ।

३. समयसमयमा पशुमा लाग्ने विभिन्न रोगहरुको रोकथामको लागि भ्याक्सीनेशन कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछ ।

**सिंचाई विकास**

१. कृषि उत्पादनमा टेवा पुऱ्याउनका लागि बाली उत्पादनका सम्भाव्य क्षेत्रहरुमा ठूला तथा मझौला (MIS) सिंचाई आयोजनाहरु निर्माणको कार्यक्रमलाई जोड दिइनेछ ।

२ कृषक व्यवस्थित सिंचाई प्रणाली (Farmer Managed Irrigation System, FMIS) को माध्यमवाट खेती योग्य जमिनलाई वाह्रै महिना सिंचित गर्न कृषकहरुवाट मागमा आधारित योजनाहरुको छनौट एवं कार्यान्वयनमा जोड दिईनेछ ।

३. उत्पादन योग्य जमीनमा नियमित सिंचाईको लागि वैकल्पिक उर्जा सोलार (सिस्टम) बाट नियमित सिंचाई गर्न उपभोक्ता र स्थानीय निकाय, गाविस र नगरपालिकासँग मिलेर सिंचाईको सम्भाव्यता हेरी योजना सञ्चालन गरिनेछ ।

४. समुदाय व्यवस्थित सिंचाई कृषि क्षेत्रगत आयोजना (CMIASP-AF) कार्यक्रम अन्तर्गत सिंचाई आयोजनाहरुको मर्मत सम्भार तथा जिर्णोद्वार गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

५. कृषि उत्पादन वढाउन खासगरी तरकारी र फलफूल खेतीलाई सहयोग पुग्ने गरी सिंचाई गर्न नयाँ प्रविधिमा आधारित सिंचाई (Non-Conventional Irrigation Technology Project, NITP)पद्धतिको विस्तार गरिनेछ ।

**वन तथा वातावरण**

१. वनको दिगो व्यवस्थापन मार्फत् वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन वृद्धि गरिनेछ ।

२. जैविक विविधताको संरक्षण तथा व्यवस्थापनका साथै प्राप्त हुने लाभको न्यायोचित वितरणको व्यवस्था गरिनेछ ।

३. वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवसायिकरण दीगो उपयोग र बजारीकरण गरिनेछ ।

४. गैर काष्ठ वन पैदावार र जडिबुटी खेतीलाई प्रवर्द्धन गर्दै यसका माध्यमबाट विपन्न जनताको आय आर्जन वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ ।

५. वन क्षेत्रको दिगो विकास तथा संरक्षणमा निजी क्षेत्रलाई आकर्षण गरी वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारिकरण मार्फत् मूल्य अभिवृद्धिमा जोड दिने र हरित रोजगारी सृजना गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने कार्यक्रम संचालन गरिनेछ ।

६. चुरे-तराई मधेश जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन मार्फत् जल तथा भूमिको व्यवस्थापन, संरक्षण गर्नुको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**भू-संरक्षण**

१. जिल्लाको भौगोलिक अवस्थितिलाई ध्यान दिदैं वर्षेनी हुने बाढी, पहिरो जस्ता प्रकोप नियन्त्रण व्यवस्थापनका लागि तटबन्ध निर्माण, नदि नियन्त्रण, वृक्षारोपण तथा Bio-Engineering सम्बन्धी कार्यक्रमहरु विभिन्न निकायसँगको समन्वय र साझेदारीमा संचालन गरिनेछ ।

२. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई सहयोग पुग्ने खालका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३. जलाधार संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने खालका पोखरी, ताल-तलैया, पानीको मुहानहरुको संरक्षण हुने कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

४. सिंचाई कुलोहरुको संरक्षण गर्ने र आयमूलक कार्यक्रम समेत संचालन गरी स्थानीय जनताको जिवीकोपार्जनमा समेत टेवा पुऱ्याईनेछ ।

**संस्कृती तथा पर्यटन**

१.जिल्ला भित्रका प्रमुख पर्यटकीय स्थलहरुमा आन्तरिक र वाह्य पर्यटक आकर्षित हुने गरी प्रचार प्रसार एवं प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

२. धार्मिक तथा अन्य पर्यटकीय स्थलहरुको विकासका लागि विभिन्न निकायबाट हुने निर्माण तथा संरक्षण कार्यक्रम समन्वयात्मक रुपमा संचालन गरिनेछ ।

३.जिल्लाका प्रमुख पर्यटकीय स्थलहरुको पर्यटन गुरु योजना बनाई पर्यटकीय क्षेत्रका विकास र प्रवर्द्धनका कार्यक्रम संचालन गरिनेछ ।

४.लोपोन्मुख भाषा, कला तथा संस्कृतिको संरक्षणमा ध्यान दिइनेछ ।

**महिला र वालबालिका**

१. गाउँ वाल संरक्षण समिति र वाल क्लवका सदस्यहरुको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२. जिल्ला वाल कल्याण समितिलाई वालवालिका सूचना केन्द्रको रुपमा विकास गर्ने र वालश्रमिकहरुको एकीकृत तथ्याङ्क संकलन गरी उद्धार र पुन:स्थापनाको कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
३. वालमैत्री स्थानीय शासन पद्धतीलाई सुदृढ गर्दै गाविसहरुलाई वालमैत्री गाविसको रुपमा घोषण गरिनेछ ।
४.महिला तथा वालवालिका माथि हुने लैङ्गिक हिंसा र भेदभावन्यूनिकरण गर्न सहयोगी हुने कार्यक्रमहरु संचालन गरिनेछ ।
५. मातृ स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सम्वन्धी महिलाहरुको चेतना वढाई ती सेवामा पहुँच वढाइनेछ ।
५. महिला सहकारी मार्फत् महिलाहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
६. महिला तथा वालवालिकाको वर्तमान "सामाजिक, आर्थिक" स्थितिमा सुधार ल्याउन ठोस योजना र कार्यक्रम वनाई लागू गरिनेछ ।
७. लैङ्गिक वजेट प्रणालीलाई स्थानीयस्तरमा संस्थागत गर्दै लगिनेछ ।

**दलित, आदिवासी /जनजाति,जेष्ठ नागरिक, अपांगता र पिछडिएको समुदाय**

१. आदिवासी/जनजातिको उत्थान, भाषा, लिपि, संस्कृतिको जगेर्ना र विकास गर्न कार्यक्रम तर्जुमा गरी संचालन गरिनेछ ।
२. दलित र सिमान्तकृत एवं पिछडावर्ग विकासको लागि शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा प्रत्यक्ष फाइदा पाउने कार्यक्रम संचालनको व्यवस्था मिलाईनेछ ।
३. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायको क्षमता विकास तथा रोजगारी सिर्जना हुने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
४. जेष्ठ नागरिकप्रति हुने दुर्व्यवहार हटाई सम्मान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
५. पूर्वाधार र सेवालाई अपाङ्गमैत्री वनाइनेछ ।
६. अपाङ्गता भएका व्यक्तिका समुदायमा आधारित पुन:स्थापनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

**सामाजिक सुरक्षा र घटना दर्ता**

१. सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्ने कार्यलाई क्रमश: बैंकिङ्ग प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।
२. असहाय, बृद्धबृद्धा नागरिकहरुको संरक्षणको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थालाई वृद्धाश्रम, अनाथालय बनाई संचालन गर्ने कार्यक्रम गर्न अभिप्रेरित गरिनेछ ।
३. जिल्लाको सवै गाविस र न.पा.मा व्यक्तिगत घट्ना दर्तालाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

**लघु घरेलु तथा साना उद्योग विकास**

१. यूवा तथा स्वरोजगारी बढाउन विभिन्न सीपमूलक तथा आयमूलक कार्यहरु संचालनमा जोडदिईनेछ ।
२. स्थानीय स्तरमा उपलब्ध हुने श्रोत साधन, कच्चा तथा सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगको विकास विस्तार तथा प्रवर्द्धनमा जोड दिइनेछ ।
३. लघु उद्यमको माध्यमबाट रोजगारीको अवसर श्रृजना गरी गरिवी निवारणमा जोड दिईनेछ ।
४.परम्परागत सीपको संरक्षण गर्दै नयाँ प्रविधिको प्रयोग मार्फत् उद्यमीहरुको उत्पादकत्वमा अभिवृद्धि गर्न मेसिन औजार (उपयुक्त प्रविधि) हस्तान्तरणमा जोड दिनेछ ।
५. बाँसजन्य बस्तुका सामग्री उत्पादन तथा बजारीकरणमा जोड दिईनेछ ।
६. जिल्लामा औद्योगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन कार्यलाई अघि बढाईनेछ ।

**सूचना तथा संचार**

१. विकास निर्माणका कार्यक्रम तथा सेवा सुविधाका विषयको सूचना सर्वसाधारणको पहुँचमा पुऱ्याइनेछ ।
२.सूसुचित हुने अधिकारको प्रवर्द्धन गर्दै सूचना शिक्षा,पत्रकारिता तथा संचारको विकासमा टेवा पुऱ्याउने कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाईनेछ ।
३. जिल्लाको सवै क्षेत्रमा मोवाईल सेवालाई भरपर्दो एवं गुणस्तरीय वनाउदै लगिनेछ ।
४.सूचनाका नयाँ प्रविधिको प्रयोगमा जोड दिदै गाउँसम्म सूचना र संचारको पहुँच पुऱ्याउन विशेष प्राथमिकतादिइनेछ ।

**विद्युत तथा नविकरणीय उर्जा**

१. वन तथा वातावरण संरक्षणलाई विशेष जोड दिई ग्रामीण लघुजलविद्युत आयोजना एवं वैकल्पिक उर्जाको विकास र विस्तार गर्ने खालका योजनाहरु बनाई PPP(सार्वजनिक निजी साझेदारी) को अवधारणा अनुसार कार्यन्वयनको व्यवस्था मिलाइनेछ ।

२. जिल्लाको ग्रामीण भेगमा लघु जलविद्युत सम्वन्धि आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आयोजनाहरु कार्यान्वयनमा ल्याईनेछ ।

३. सौर्य उर्जा प्रणाली मार्फत् विद्युतको आपूर्तिलाई वढाउने कार्यक्रमहरु संचालन गरिनेछ । साथै जैविक उर्जा ( सुधारिएको चुलो) सम्वन्धि कार्यक्रमहरु संचालन गरिने छ ।

४. गरिव तथा विपन्न वर्गसम्म सौर्य तथा नविकरणीय उर्जाको सुविधा पुऱ्याउन पहल गरिनेछ ।

३. सन् २०१७ सम्ममा जिल्लालाई धुँवा मुक्त जिल्लाको रुपमा घोषणा गर्ने लक्ष्य प्राप्तीमा सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

**सडक निर्माण तथा स्तरोन्नती**

१. जिल्लाको सवै क्षेत्रमा यातायात सुविधा र पहुँच पुऱ्याउन सवै गाविसहरुलाई जिल्ला सडक सञ्जालसंग आवद्ध गर्न हालसम्म Track Opening सम्म नभएका स्थानहरुमा सडक निर्माणको लागि विशेष ध्यान दिईनेछ ।

२. पूर्वाधार निर्माण तर्फका रु.१५ लाख भन्दा वढी लागतमा निर्माण सम्पन्न परियोजनाहरुको क्रमशः प्रभाव मूल्याङ्कन (Impact Assessment)गर्दै लगिनेछ । साथै रु.५० लाख भन्दा वढी लागतका भौतिक पूर्वाधार तर्फका आयोजनाहरुको सम्भाव्यता अध्ययन गरिनेछ ।

४. आगामी वर्ष सडक निर्माण गर्दा जिल्ला यातायात गुरुयोजना (DTMP)लाई आधार मानी प्राथमिकताको आधारमा सडकहरुको निर्माण, ममर्त सुधार तथा स्तरोन्नती गरिनेछ ।

४. जिल्ला सडक सञ्जाललाई वाह्रै महिना सुचारु गर्नको लागि आगामी आ.व.मा स्थानीय स्तरका सडक पुलहरुको निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।

५. जिल्ला भित्र Track Opening भई सकेका District Road Class "A"अन्तर्गतका सडकहरुको नियमित, आकस्मिक र आवधिक मर्मत सम्भार कार्यमा जोड दिईनेछ ।

**विपद व्यवस्थापन**

१. जिल्लामा घट्न सक्ने संभाव्य विपद्को असरलाई न्यूनीकरण गरी हुन सक्ने जनधनको क्षतिलाई कम गर्न समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२.आपतकालिन अवस्थामा गरिने खोज तथा उद्धारको कार्यलाई प्रभावकारी वनाउन विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना वनाई उद्धार तथा राहत एवं पुनःस्थापनाका कार्यक्रमहरु संचालन गरिने छ ।

३. जिल्लाको सवै गाविस र नगरपालिकाहरुमा विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद् जोखिम न्युनीकरणका योजना एवं कार्यक्रम वनाई कार्यान्वयनमा ल्याईनेछ ।

४ विपद् व्यवस्थापनको कार्यमा गैसस, निजि क्षेत्र तथा स्थानीय समुदायको सहभागिता र साझेदारीलाई जोड दिइनेछ ।

**सुशासन तथा सेवा प्रवाह**

१. स्थानीय निकायहरुबाट प्रवाह हुने सेवालाई छिटो छरितो, पारदर्शी र गुणस्तरीय वनाउन स्थानीय निकायको संस्थागत क्षमता र दक्षता अभिवृद्धि गर्दै लगिनेछ ।

२. उपभोक्ता समिति मार्फत् संचालन भएका योजना/कार्यक्रमहरुको गुणस्तर सुनिश्चित गरी दिगोपना प्राप्त गर्न जोड दिइनेछ ।

३. सेवाको पारदर्शी र जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई अझ प्रभावकारी बनाईनेछ ।

४. जिल्लामा संचालित विकास निर्माणका योजनामा गुणस्तर निश्चित गर्न अनुगमन प्रणालीलाई सुदृढ गरिनेछ ।

५. सामाजिक परिचालन र लक्षित कार्यक्रलाई प्रभावकारी वनाउदै लगिने छ ।

६.विद्युतीय सुशासन (E-Governance)लाई प्रवर्द्धन गर्दै नागरिक एवं सेवाग्राहीलाई कागजी प्रक्रियावाट सेवालिने कार्यलाई न्यून गर्दै लगिनेछ ।

**युवा तथा खेलकूद**

१.युवालाई सीपमूलक तालिम तथा दक्षता अभिवृद्धि गरी उद्यमशीलता विकास गरी रोजगार वनाउने ।

२.युवालाई खेलकूद विकास, सामाजिक परिचालन तथा विपद् व्यवस्थापन जस्ता क्षेत्रमा क्रियाशील गराउने ।

३जिल्लामा विभिन्न खेलकुद प्रतियोगिता संचालन गरी युवाहरुको खेलप्रतिको अभिरुची वढाउदै लगिने छ ।

४.व्यवस्थित खेलकूदको विकासको लागि रङ्गशाला तथा खेल मैदानको निर्माणको थालनी गरिनेछ ।

**गरिवी निवारण**

१. उत्पादनमूक रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जनामा जोड दिदै जाने ।
२. विभिन्न निकाय तथा संस्थावाट संचालित गरिवी न्यूनीकरण सम्वन्धि कार्यक्रहरुवीच समन्वय कायम गरी प्रभावकारिता वढाउने ।
३ विपन्न समुदायको पहिचान गरी आय आर्जन तथा रोजगारीका कार्यक्रहरु संचालन गरिनेछ ।

**श्रम तथा रोजगारी**

१.वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई श्रम सम्वन्धि ऐन कानुन, भिसा, श्रम सम्झौता र सो सम्वन्धि यथार्थ सूचना तथा जानकारी उपलब्ध गराई वैदेशिक रोजगारीमा हुने ठगीलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रहरु संचालन गरिने छ ।
२.वैदेशिक रोजगारमा जाने कामदारहरुलाई विभिन्न निकाय तथा संघ सस्थासँग समन्वय गरी आवश्यक सीपयुक्त तालिम दिने व्यवस्था मिलाइनेछ ।

**राजश्व परिचालन**

१. राजश्वका विभिन्न स्रोत तथा क्षेत्रको पहिचान गरी जिल्ला विकास समितिको आन्तरिक आयलाई क्रमशः वृद्धि गर्दै लगिनेछ ।
२. राजश्व सफ्टवेयर प्रणालीलाई थप प्रभावकारी वनाउदै लगिनेछ ।
३. जिल्ला विकास समितिवाट संकलन गरिने करका दर तथा क्षेत्रहरुका सम्वन्धमा विस्तृत अध्ययन गरी वसतुगत एवम् समसामयिक वनाउँदै लगिनेछ ।
४. गाविस तथा नगरपालिकासँग समन्वय गरी व्यवसाय करको नक्शाङ्कन तथा दायरा बढाउँदै लगिनेछ ।
५. जिविसको कर संकलनको ठेक्का प्रणालीलाई अझ प्रतिष्पर्धी र पारदर्शी वनाउँदै लगिनेछ ।

**सामुदायिक तथा गैर सरकारी संस्था**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको सहयोगमाजिल्लामाकार्यक्रको संचालन वा नयाँ कार्यक्षेत्रविस्तार गर्दा विषयक्षेत्रका सरकारी निकायसंग समन्वय गर्नु पर्नेछ । साथैआयोजनाहरुको कार्य प्रगतीकोआवधिक रिपोर्टिङ्ग र प्रतिवेदन गर्नु पर्नेछ ।
२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरुले जिल्लामा संचालित कार्यक्रमहरुको जिविस र विषयगत क्षेत्र र सम्वन्धित संस्थावाट संयुक्त अनुगमन टोली गठन गरी अनुगमन गर्ने पद्धतिको विकास गरिनेछ ।
३. जिल्लामा कार्यरत गैससहरु तथा नयाँ कार्यक्षेत्र वनाएर आउने संस्थाहरुलाई जिल्लाका विकट गाविसमा कार्यक्रम संचालन गर्न जोड दिइनेछ ।
४. जिविसको गैसस डेस्कलाई थप प्रभावकारी वनाउदै गैससहरुहरुको गतिविधिलाई व्यवस्थित र पारदर्शी वनाउदै लगिनेछ ।

**योजना कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन**

१. विकास योजना तथा कार्यक्रमलाई तोकिएको समय, लागत तथा गुणस्तरमा सम्पन्न गर्न अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी वनाईनेछ ।
२ योजना तथा कार्यक्रम कार्यान्वयनकोजिम्मा लिएका उपभोक्ता समितितथा निर्माण व्यवसायीलाई सम्झौता वमोजिमको कार्य निर्धारित मापदण्ड र समयमै सम्पन्न गर्न निममित अनुगमन मार्फत सजग गराईनेछ ।
३. योजना तथा कार्यक्रमको कार्यान्वयनमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई प्रक्रिया जस्ता विधिलाई प्रभावकारी गरिनेछ ।
४ सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धती मार्फत् सरोकारवालाहरुको समेत सहभागितामा कार्ययोजना वनाइ अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी वनाइनेछ ।
५. सम्पन्न योजना तथा कार्यक्रमहरुको प्रभाव मूल्याङ्कन गरिनेछ ।

**आदरणीय दाजु भाइ तथा दिदी बहिनीहरु**

अव म आगामी आ.व. २०७३/०७४ मा यस जिल्लामा देहायका विषय क्षेत्र अन्तर्गत सरकारी कार्यालय,गैर सरकारी संस्थाबाट संचालन गरिने विकास कार्यक्रम तथा आयोजनाहरुको लागि विनियोजित गरिएको कुलवजेट **रु २ अर्व २१ करोड ९६ लाख ८२ हजार** कोविषयगत समितिको आधारमा बाँडफाँड गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**आ.व. २०७३/०७४ को लागि विषयगत क्षेत्रको आधारमा जिल्लाको वजेट विवरण:**

| क्र.सं. | बिषयगत समितिको नाम | वजेट रु. | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक विकास समिति | ३८,२०,००१००। | २०.२० |
| २. | वन तथा बातावरण समिति | २६,६९,०६,५००। | १४.१० |
| ३. | भौतिक पूर्वाधार विकास समिति | ६३,२१,१६,५००। | ३३.५० |
| ४. | सामाजिक विकास समिति | ६०,३४,०५,९००। | ३२.०० |
| ५. | संस्थागत स्रोत तथा क्षमता विकास | ३७,९१,०००। | ०.२० |
| **जिविस, बिषयगत कार्यालय तथा गैससको विकास वजेट** | | १,८८,८२,२०,०००। | १०० |
| ६ | जिविसको चालु वजेट (आन्तरिक स्रोत,सा.सु.,गाविस समेत) | ३३,१४,६२,०००। | |
| **कुल जम्मा वजेट** | | **२,२१,९६,८२,०००।** | |

**आ.ब. ०७३/७४ को सरकारी तथा गैरसरकारी क्षेत्रको एकीकृत बजेटको विवरण**

| क्र.सं. | निकायको नाम | वजेट | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला विकास समितिबाट खर्च हुने बजेट | ५५,३२,१३,०००। | चालु वजेट समेत |
| २. | गाउँ विकास समितिबाट खर्च हुने (अनुदान) बजेट | १०,६१,३८,०००। | |
| ३. | २ नगरपालिका र ४० गाउँ बिकास समितिबाट वितरण हुने सा.सु. भत्ता को रकम | १६,५०,००,०००। | |
| ४. | विषयगत कार्यालयबाट खर्च हुने बजेट | ९५,३८,४२,०००। | |
| ५. | गैससहरुबाट खर्च हुने बजेट | ४४,१४,८९,०००। | |
| **कुल जम्मा वजेट** | | **२,२१,९६,८२,०००।** | |

**उपस्थित आदरणीय महानुभावहरु**

आ.व. ०७३/७४ को लागि प्रस्तुत नीति, वजेट तथा कार्यक्रमवाट यस जिल्लाको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु । प्रस्तुत जिल्ला विकास योजना तयार पार्न सहयोग पुऱ्याउनु हुने माननीय सांसदज्यूहरु, जिल्लाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, विषयगत कार्यालयहरु, संयुक्त राष्ट्रसंघीय निकाय (यूनिसेफ, यूएनएफपिए), बिकास साझेदारहरु तथा गै.स.स.हरु, निजी क्षेत्र, नागरिक समाज, पत्रकार एवं इलाकास्तरीय गोष्ठि, बिषयगत समिति, एकीकृत योजना तर्जुमा समितिका सदस्य तथा सहभागिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । योजना तथा कार्यक्रम तयार गर्ने कार्यमा सक्रिय रही योगदान पुऱ्याउनेगाउँ विकास समिति, जिल्ला प्राबिधिक कार्यालय तथा जिल्ला बिकास समितिका कर्मचारीमित्रहरुलाई विशेष घन्यवाद दिन चाहन्छु । साथैनवौं जिल्ला परिषद्बाट पारित यो वार्षिक योजना तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सरोकारवाला सबै पक्षबाट समन्वय, महत्वपूर्ण सहयोग, र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

साथैं, विभिन्न पेशा एवं व्यवसायमा आवद्ध भई जिल्ला बाहिर रहनु भएका महानुभावहरुबाट प्राप्त सल्लाह, सुझाव र सहयोगको लागि समेत आभार व्यक्त गर्दछु ।

अन्त्यमा, आफ्नो कार्य ब्यस्तताका वावजुद पनि जिल्ला विकास समिति उदयपुरको निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित भई कार्यक्रमको गरिमा वढाई दिनु भएकोमा माननीय मन्त्रीज्यू, सांसद्ज्यूहरु, अतिथिज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा जिल्ला विकास समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !**

**पीताम्वर अधिकारी**
जिविस प्रमुख एवं स्थानीय विकास अधिकारी
जिल्ला विकास समितिको कार्यालय, उदयपुर

*मिति:२०७२ फाल्गुण २८ गते, शुक्रवार*